वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ६२ २०८३ असार १० गते बुधबार, नेपाल सम्वत् ११४६ June 24, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-







# सामीको समन्वयमा पीडितलाई रू ३२ करोड १४ लाख क्षतिपूर्ति उपलब्ध

## सुरक्षित आप्रवासन कार्यक्रम प्रभावकारी बन्दै गएको छ : नगरप्रमुख न्यौपाने

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

वैदेशिक रोजगारीका क्रममा ठगी तथा विभिन्न समस्यामा परेका तनहुँका आप्रवासी श्रमिक र उनीहरूका परिवारले सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको समन्वयमा क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउनुका सार्थ आवश्यक परामर्श सेवा प्रदान गरिएको छ । सामीको समन्वयमा तनहुँमा हालसम्म ३२ करोड १४ लाख ५८ हजार ५१८ रूपैयाँ बराबरको क्षतिपूर्ति तथा आर्थिक सहायता उपलब्ध गराइएको छ ।



नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तहको नेतृत्व तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रममार्फत सहायता उपलब्ध गराइएको सामीकी जिल्ला संयोजक लुना रानामगरले जानकारी गराइन् ।

२०७६ मंसिर १ गतेदेखि सञ्चालनमा आएको यस संस्थाले २०८२ असार मसान्तसम्म सामी कार्यक्रमले तीनै तहका सरकारसँग समन्वय गरी विभिन्न प्रकृतिका मुद्दामा उक्त रकम उपलब्ध गराइएको संयोजक रानामगरले बताइन् ।

उनका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा मात्रै तीन करोड ४९ लाख ८३ हजार ९०६ रूपियाँ क्षतिपूर्ति तथा आर्थिक सहायता पीडित परिवारलाई उपलब्ध गराइएको छ । हालसम्म कुल ३५ करोड ६४ लाख ४२ हजार ४२४ रूपैयाँ सहायता रकम उपलब्ध गराइएको उनले जानकारी गराइन् ।

यस्तै, जिल्लामा सामी कार्यक्रम सञ्चालन पश्चात वैदेशीक रोजगारीका क्रममा ४ महिला र १२४ पुरूष गरी १२८ जना मृत्युको मुद्दा दर्ता हुन आएकामा सामीको समन्वयमा १२४ जना मृतकको परिवारलाई २० करोड ४३ लाख ४४ हजार ५१८ रूपैयाँ आर्थिक सहायता/क्षतिपुर्ति उपलब्ध गराइएको छ ।

यस वर्ष केन्द्रमा प्राप्त ११९ वटा समस्या/उजुरीमध्ये ५५ वटाको सफल निरूपण भइसकेको छ भने बाँकी ६४ वटा उजुरी प्रक्रियामा रहेको बताइएको छ । चालु आर्थिक वर्षमा पालिकागत रूपमा सबैभन्दा बढी आँबुखैरेनी गाउँपालिकाका पीडितले १ करोड ९ लाख ६२ हजार २८१ रूपैयाँ क्षतिपूर्ति प्राप्त गरेका छन् । त्यस्तै म्याग्दे गाउँपालिकाका पीडितले ८७ लाख ९९ हजार र भानु नगरपालिकाका पीडितले ८४ लाख ७६ हजार रूपैयाँ प्राप्त गरेका छन् । सामीमा दर्ता भएका कुल मुद्दामध्ये सबैभन्दा बढी ठगीसम्बन्धी ३९५ वटा मुद्दामा ५ करोड ४६ लाख ६१ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको छ ।

यस्तै, सम्झौता वा करार उल्लङ्घनसम्बन्धी १०५ वटा मुद्दामा ११ लाख रूपैयाँ, कार्यस्थलमा भएका दुर्घटना, चोटपटक तथा स्वास्थ्य उपचारसम्बन्धी १९४ वटा मुद्दामा छ करोड १२ लाख ९८ हजार रूपैयाँ तथा अन्य विविध २६ वटा मुद्दामा ५५ हजार रूपैयाँ क्षतिपूर्ति दिलाइएको जिल्ला संयोजक रानामगरले जानकारी गराइन् ।

विदेशी जेलमा परेका २९ जना, अलपत्र परी उद्धार गरिएका ९८ जना तथा सम्पर्कविहीन भएका २६ जना कामदारको समस्या समाधानका लागि सम्बन्धित राजदूतावास तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिएको केन्द्रले जनाएको छ ।

आप्रवासी स्रोत केन्द्रको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षमा मात्रै जिल्लाका सात हजार ९६७ जनाले सुरक्षित वैदेशिक रोजगारसम्बन्धी परामर्श सेवा लिएका छन् । जसमध्ये सबैभन्दा बढी व्यास नगरपालिकाका १ हजार ५५३ जना, शुक्लागण्डकी नगरपालिकाका १ हजार ३२०

बाँकी अन्तिम पेजमा

# ज्येष्ठ नागरिकको नि:शुल्क मोतियाबिन्दु शल्यक्रिया

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा सञ्चालित नि:शुल्क आँखा परीक्षण तथा उपचार कार्यक्रमअन्तर्गत मोतियाबिन्दु पहिचान भएका १३ जना ज्येष्ठ नागरिकको नि:शुल्क मोतियाविन्दु शल्यक्रिया गरिएको छ । मोतियाविन्दु पहिचान भएका ज्येष्ठ नागरिकको पोखरास्थित हिमालय आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया सेवा प्रदान गरिएको हो ।



व्यास नगरपालिका-१ स्थित चारकुने आधारभूत स्वास्थ्य केन्द्रमा आयोजना गरिएको नि:शुल्क आँखा परीक्षण शिविरमा सहभागी सेवाग्राहीमध्ये मोतियाबिन्दुको समस्या देखिएका ज्येष्ठ नागरिकलाई थप उपचारका लागि रेफर गरिएको थियो । त्यसअनुसार उनीहरूको पोखरास्थित अस्पतालमा सफलतापूर्वक नि:शुल्क शल्यक्रिया सम्पन्न भएको व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी गराए ।

आँखाको उपचारमा आर्थिक अभाव र पहुँचको कठिनाइका कारण समस्या झेलिरहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको यस कार्यक्रमले उनीहरूको दृष्टि सुधार गर्न मात्र होइन, दैनिक जीवनलाई सहज बनाउन पनि महत्वपूर्ण सहयोग पुगेको स्वास्थ्य शाखा प्रमुख सोतीले बताए ।

नगरपालिकाले समुदायस्तरमै आँखा रोगको समयमै पहिचान, परामर्श र उपचार सेवा विस्तार गर्ने उद्देश्यले यस्ता शिविर सञ्चालन गर्दै आएको छ । स्वास्थ्य शाखाका अनुसार नियमित स्वास्थ्य परीक्षण र समयमै उपचारले मोतियाबिन्दुका कारण हुन सक्ने दृष्टि गुम्ने जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ ।

नगर स्वास्थ्य शाखाले आगामी दिनमा पनि नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न नि:शुल्क तथा स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । विशेषगरी ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न तथा दुर्गम क्षेत्रका बासिन्दालाई लक्षित गरी विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने योजनामा नगरपालिका प्रतिबद्ध रहेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताए।

# रवि लामिछानेको राजनीतिक प्रतिवेदन : रास्वपाको मूल सिद्धान्त 'सामाजिक लोकतन्त्र'

**भञ्ज्याङ समाचारदाता/चितवन**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा 'सामाजिक लोकतन्त्र' लाई अघि सारेका छन् । चितवनमा जारी पार्टीको ऐतिहासिक पहिलो महाधिवेशनमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेस गर्दै उनले रास्वपाको वैचारिक स्पष्टताका साथ आगामी कार्यदिशा सार्वजनिक गरेका हुन् ।

यसअघि 'संवैधानिक समाजवाद'लाई आत्मसात् गर्दै आएको रास्वपाले अब आफूलाई 'सामाजिक लोकतन्त्र' को धरातलमा उभ्याउने प्रस्ताव गरेको छ ।

प्रतिवेदनमा भनिएको छ, 'संविधानलाई नै 'वाद' मान्नु भन्दा सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक सिद्धान्तका रूपमा अङ्गीकार गर्नु उपयुक्त हुन्छ ।'

व्यक्तिगत स्वतन्त्रता र सामाजिक उत्तरदायित्व बीचको सन्तुलन नै रास्वपाको मूल दर्शन हुने लामिछानेको जिकिर छ ।



सभापति लामिछानेले आफ्नो प्रतिवेदनमा सामाजिक लोकतन्त्रलाई कार्यान्वयन गर्न पाँचवटा मुख्य आधार स्तम्भहरु प्रस्ताव गरेका छन् ।

प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र: निजी क्षेत्रलाई प्रोत्साहन गर्दै राज्यले नियमन र सामाजिक सुरक्षाको जिम्मा लिने

*विधि र संस्थागत पद्धति: 'म नै राज्य हुँ' भन्ने सोचको अन्त्य गरी कानुनको शासन स्थापित गर्ने*

*जनउत्तरदायी सरकार: नागरिकलाई सेवा प्रवाहमा सहजता र सरकारको जबाफदेहिता सुनिश्चित गर्ने*

*लोककल्याणकारी राज्य: शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकतामा राज्यको सक्रिय भूमिका रहने*

*समन्यायिक समावेशी समाज: सबै वर्ग र समुदायको न्यायोचित सहभागिता र सशक्तीकरण गर्ने*

राजनीतिक सुधारका लागि लामिछानेले केही साहसिक प्रस्तावहरु अघि सारेका छन् । उनले मुलुकमा 'प्रत्यक्ष निर्वाचित कार्यकारी' प्रमुख हुनुपर्ने र निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्ने धारणा राखेका छन् ।

यस्तै, राष्ट्रिय सभालाई गैर-दलीय विशेषज्ञहरुको सभा बनाउनुपर्ने र हालको प्रदेश संरचनाको 'पुनर्संरचना' गर्नुपर्ने विषयलाई प्रतिवेदनमा प्राथमिकताका साथ उठाइएको छ।

सरकारमा सहभागी हुँदाका अनुभवहरु समेट्दै लामिछानेले रास्वपाले भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि सकारात्मक हस्तक्षेप' गरेको दाबी गरेका छन्।

बाँकी अन्तिम पेजमा

# अवरुद्ध राजमार्ग साढे तीन घण्टापछि सञ्चालन

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको आँबुखैरेनी गाउँपालिका-४ पावरहाउस क्षेत्रमा सोमबार साँझ ट्याङ्कर र मालवाहक ट्रक एकआपसमा ठोक्किँदा अवरूद्ध भएको पृथ्वी राजमार्ग साढे तीन घण्टापछि सञ्चालनमा आएको छ ।



जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार साँझ करिब ६:१५ बजे मुग्लिनबाट आँबुखैरेनीतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००१ क २७०० नम्बरको तेल बोक्ने ट्याङ्कर र विपरीत दिशातर्फ जाँदै गरेको ना.५ ख. ७७७५ नम्बरको मालवाहक ट्रक एकआपसमा ठोक्किएका थिए । दुर्घटनापछि सडक दुवैतर्फ अवरूद्ध हुँदा सवारी आवागमन प्रभावित भएको थियो।

घटनालगत्तै इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट प्रहरी नायब निरीक्षक द्वारिका प्रसाद घिमिरेको कमाण्डमा ट्राफिक प्रहरीसहित ३५ जनाको टोली खटिएको थियो । क्रेनको सहायताले दुर्घटनाग्रस्त दुवै सवारी साधनलाई सडक किनारमा हटाएपछि राति ९:४५ बजेबाट राजमार्गमा सवारी आवागमन पुन: सञ्चालनमा आएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मानवीय क्षति भएको विवरण प्राप्त नभएको प्रहरीले जनाएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पूर्वधार र पर्यटन !

तीनवटै तहको सरकारले आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि नीति कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छन् । संघ र प्रदेश सरकारले जस्तै स्थानीय सरकारले पनि आ–आफ्नो क्षमता र आवश्यकतालाई ध्यान दिएर नीति, कार्यक्रम तय गरी बजेटको व्यवस्था गरेका छन् । कृषि, पशुपालन, पूर्वधार विकाससंगै पर्यटन लक्षित पूर्वधार र कार्यक्रमलाई पनि बजेटको व्यवस्था गरिएको छ । तनहुँका १० वटै स्थानीय तहले पनि पर्यटन क्षेत्रलाई प्राथमिकतामै राखेर कार्यक्रम बनाउनुका साथै बजेटको समेत व्यवस्था गरेका छन् । प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले धनी मुलुक हो नेपाल । यहाँका पर्वत, नदी, ताल, जंगल र पुरातात्विक सम्पदाले विश्वभरका पर्यटकहरूको ध्यान आकर्षित गर्छन् । यद्यपि, यी सम्पदाहरूको पूर्ण फाइदा लिन र देशको समग्र विकासमा योगदान पुऱ्याउन, पर्यटनको क्षेत्रको समुचित विकास अनिवार्य छ । आजको सन्दर्भमा, पर्यटन नेपालको ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिका लागि एक महत्वपूर्ण माध्यमको रूपमा देखा परिरहेको छ । यसको विकास प्रवर्द्धनका साथै आर्थिक लाभ लिने गरी स्थानीय तहले नीति तथा कार्यक्रम तयार गरी अगाडि बढ्नु अहिलेको अति आवश्यक विषय हो ।

हाम्रा धेरै गाउँहरूमा प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता प्रचुर मात्रामा रहेका छन् । तर, यी सबै समृद्धि पर्यटकहरूको आगमनको लागि पर्याप्त रूपले प्रवर्द्धित र संरक्षित गरिएको छैन। यही कारण हो कि नेपालका गाउँहरूमा पर्यटनको वास्तविक प्रभाव छिर्न सकेको छैन । पर्यटकहरूको आगमन बढाउने, उनीहरूलाई आकर्षित गर्ने र यहाँको उत्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउने कामहरु आवश्यक छन् । पर्यटनको विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो पूर्वाधारको सुदृढीकरण हो। नेपालका धेरै पर्यटकीय गन्तव्यहरूमा सडक यातायातको समस्याले पर्यटकको पहुँचमा ठूलो अवरोध पुऱ्याउँछ । गाउँका पक्का सडक, मोटर मार्ग र सार्वजनिक यातायातको व्यवस्था सुधार्नुपर्ने आवश्यक छ। यतिमात्र होइन, राम्रो आवास व्यवस्था, शौचालय, सफा पानी, र फोहोर व्यवस्थापन जस्ता आधारभूत पूर्वाधारको अभावले पर्यटनलाई प्रभावकारी बनाउन रोक लगाइरहेको छ । यदि पर्यटनको विकासलाई गम्भीरतासाथ अघि बढाउन चाहन्छौं भने, सरकारले यी सबै पूर्वाधारमा लगानी गर्नुपर्छ र तीलाई नवीकरण र सुधारका लागि दीर्घकालीन योजनाहरु बनाउनुपर्छ । यसका लागि निजी क्षेत्रको सहभागिता पनि अत्यन्त महत्त्वपूर्ण छ। निजी क्षेत्रले होटल, रेस्टुरेन्ट, पर्यटन गाइड र अन्य सेवाहरूमा लगानी गरेर पर्यटनको पूर्वाधारलाई बलियो बनाउन सक्छ ।

पर्यटनको विकासमा केवल पर्यटकहरूको आगमन मात्र काफि हुँदैन; उनीहरूबाट आर्थिक फाइदा प्राप्त गर्नका लागि स्थानीय उत्पादन र व्यवसायको प्रोत्साहन पनि अनिवार्य छ । नेपालका ग्रामीण क्षेत्रहरूमा उत्पादित स्थानीय सामग्रीहरू हस्तकला, कृषि उत्पादन र मौलिक परिकार–पर्यटकहरूको आकर्षणको केन्द्र बन्न सक्छ । तर, अहिले यस क्षेत्रका उत्पादकहरूको वस्तु बजारमा पुग्न र पर्यटकसम्म पुऱ्याउन प्रभावकारी प्लेटफर्मको अभाव छ । यही कारण हो कि पर्यटनको विकासमा स्थानीय उत्पादनलाई जोड्नु अत्यन्त महत्त्वपूर्ण छ । यदि हामीले गाउँमा उत्पादित सामग्रीलाई पर्यटकको आवश्यकता र चासो अनुरूप प्रस्तुत गर्न सक्यौ भने, यसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेछ । त्यसैगरी, होमस्टे जस्ता ग्रामीण पर्यटनको मोडललाई प्रोत्साहन गर्दा, पर्यटन व्यवसाय र स्थानीय समुदाय बीचको सिधा सम्बन्ध बढ्नेछ र यसले दुवै पक्षलाई फाइदा पुऱ्याउँछ। नेपालका धेरै ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थलहरु पर्यटकहरूको आकर्षणको केन्द्र हुन सक्छन्। यद्यपि, यी सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु आवश्यक छ। उदाहरणका रूपमा, धेरै धार्मिक स्थलहरु र पुरातात्विक गन्तव्यहरूको प्रबन्धन र संरक्षणका लागि अझै ठोस प्रयासहरु आवश्यक छन्। यस्ता स्थलहरूको प्रचार र संरक्षणले पर्यटनलाई केवल ऐतिहासिक महत्वको गन्तव्य नभई एक उत्साहजनक, ज्ञानवर्धक र अनुभवात्मक यात्रा बनाउनेछ ।

नेपालका ग्रामीण क्षेत्रमा भएका प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरलाई पर्यटकीय दृष्टिकोणले संरक्षण र प्रबर्द्धन गर्नुपर्ने छ। यसका लागि सरकारले स्थानीय तह र निजी क्षेत्रसँग मिलेर काम गर्नुपर्छ र ती स्थानहरूको प्रचारमा सक्रियता देखाउनु पर्छ । पर्यटनको क्षेत्रको विकास अब केवल सम्भावना मात्र होइन, आवश्यकता बनिसकेको छ । यदि नेपालले पर्यटनको क्षेत्रलाई सही दिशा र योजनासँग अघि बढाउन सक्छ भने, यो देशका ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिको एक प्रमुख चालक बन्न सक्छ। यसको लागि, सबै निकाय–सरकार, निजी क्षेत्र र स्थानीय समुदायको साझा पहल आवश्यक छ। पर्यटन क्षेत्रको समुचित विकासले नेपालको सम्पूर्ण अर्थतन्त्रलाई लाभ पुऱ्याउने र गाउँका जनतालाई रोजगारीका अवसर र आर्थिक समृद्धि दिनेछ । पर्वत, पहाड र तराईमा लुकेका ती अनकहे सौन्दर्य र सांस्कृतिक धरोहरहरूको सही संरक्षण र प्रवर्द्धनले नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ। अब, समय आएको छ कि हामी सबैले एकताबद्ध भएर पर्यटनको क्षेत्रमा नयाँ युगको सुरूवात गरौं । पर्यटन क्षेत्रको सामयिक प्रवर्द्धनले नै हामीलाई समृद्धिको बाटो तर्फ डोऱ्याउने छ ।

# चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा: कार्यान्वयनको बाटो

♦ डा. विश्वराज दवाडी

नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ । एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरु र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरबाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुऱ्याएका छन् ।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौँ र करोडौँ रूपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ। यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्ण दक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन ।

**के हो प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स?**

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो । चिकित्सा क्षेत्र शतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र ओषधिको प्रतिक्रिया फरक हुन सक्छ । सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अन्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बिमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च ब्यहोर्ने गर्दछ । स्मरणरहोस्, यस बिमाले नियतवश गरिएको अपराध वा मदिरा/लागूऔषध सेवन गरी गरिएको लापरबाहीलाई समेट्दैन । यसको मुख्य उद्देश्य इमान्दार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो । नेपालको सन्दर्भमा यो बिमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरु निम्न छन्:

**उपभोक्ता अदालतको बढ्दो सक्रियता र वित्तीय जोखिम**

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरु गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ । हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरु कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ । अदालतहरुले अस्पताल र डाक्टरहरूलाई करोडौँ रूपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरु सुनाउन थालेका छन्। कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगत रूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम ब्यहोर्न असम्भव प्राय: हुन्छ । यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ।

**सर्वोच्च अदालतको स्पष्ट नजिर र कानुनी सन्देश**

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र ब्याख्याहरूले स्पष्ट सन्देश दिएका छन्– डाक्टर हुनुको अर्थ लापरबाहीमा उन्मुक्ति पाउनु होइन। अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ । अदालतको यो नजिरपछि डाक्टरहरूका लागि वित्तीय र व्यावसायिक सुरक्षाको खाँचो झनै टड्कारो बनेर आएको छ ।



**'डिफेन्सिभ मेडिसिन'को घातक चक्र रोक्न**

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ । यसको सीधा अर्थ हुन्छ–डाक्टरहरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने। त्यस्तै, कानुनी रूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौँ ल्याब टेस्ट र भिडियो एक्सरेहरु गराउन बाध्य पार्ने । यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ । बिमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन् ।

**अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य**

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दु:खद् पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाई गर्ने प्रवृत्ति हो । यदि यो बिमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिनेछ । कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बिमाको दायरामा आउनेछन् । बिमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्नेछ र वास्तविक पीडितले कानुनी रूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुनेछ । यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउनेछ ।

**अन्तर्राष्ट्रिय अभ्यास र नेपालको स्वास्थ्य पर्यटन**

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरु (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमा समेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा बिना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन्। नेपालले पनि अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीय रूपमा सुरक्षित हुनुपर्छ । विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बिमा अन्तर्राष्ट्रिय मापदण्ड अनिवार्य छ ।

**तत्काल र सफल कार्यान्वयनका लागि चाल्नुपर्ने कदमहरु**

नेपाल बिमा प्राधिकरणले केही समय अघि यस प्रकारको बिमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । यसलाई भोलिदेखि नै देशव्यापी रूपमा लागू गर्नका लागि निम्न रणनीति र चरणहरु तत्काल चाल्नु आवश्यक छः

**पहिलो चरण: नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यता:** नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ । बिमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन ।

**दोस्रो चरण: जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारण:** नेपाल बिमा प्राधिकरणले नेपाल मेडिकल एशोसिएशन र बिमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ । उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
निर्णायक कार्य गर्ने समय छ। पेसा–व्यवसायमा पनि केही लगानी र पूर्वाधार तयार पार्ने समय छ।

**वृष**
बुद्धिको उपयोगले लक्ष्यनजिक पुग्न सकिनेछ। अध्ययनमा गुरूजनको मार्गदर्शन प्राप्त हुनेछ।

**मिथुन**
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेहोसीले नोक्सान पुर्याउन सक्छ।

**कर्कट**
पछि लाभ हुने काम गर्न सकिनेछ। अर्थअभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ।

**सिंह**
दाजुभाइमा असमझदारी बढ्न सक्छ। जिम्मेवारी थपिए पनि सहयोगीहरु पछि हट्नाले दुख पाइनेछ।

**कन्य**
प्रगतिमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउन सक्छन्। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला।

**तुला**
व्यवसायमा सामान्य लाभ हुनेछ तर सोचेको दाम नउठ्न सक्छ। प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला।

**वृश्चिक**
काम बन्नाले मनग्य आम्दानी भित्र्याउने अवसर प्राप्त हुनेछ। महिनेतले सम्मानित स्थान दिलाउनेछ।

**धनु**
कला, गला र अभिव्यक्तिले धेरैको मन जित्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा परिवर्तन आउनेछ।

**मकर**
तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरु बढ्नेछन्। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ।

**कुम्भ**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। आकर्षक उपहारले उत्साह जगाउनेछ।

**मीन**
आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ।

# गोल्डेन बुटको रोमाञ्चक दौड : कसले मार्ला बाजी ?

एजेन्सी

यो तीव्र रूपमा युगौँसम्म याद गरिने गोल्डेन बुटको दौड बन्दैछ। दुई खेलमा पाँच गोल गर्दै लियोनल मेस्सी सबैभन्दा अगाडि छन्। किलियन एम्बाप्पे र अर्लिङ हालान्ड समान चार-चार गोलसहित दोस्रो स्थानमा छन्। विश्वकप इतिहासमा दुई खेलपछि तीन जना खेलाडीले चार वा सोभन्दा बढी गोल गरेको यो मात्र दोस्रो पटक हो। सन् १९५४ पछि यस्तो भएको यो पहिलो पटक हो।

फुटबलले देखेका उत्कृष्ट फरवार्डहरूले एकपछि अर्को गोल गरेको यो अर्को असाधारण समय रह्यो। सबैभन्दा पहिले मेस्सीको पालो थियो। उनले अस्ट्रियाविरूद्ध अर्जेन्टिनाका लागि दुई गोल गर्दै विश्वकपको सर्वाधिक गोलको कीर्तिमान तोडे। आफ्नो १००औँ अन्तर्राष्ट्रिय खेलमा एम्बाप्पेले पनि त्यसकै जवाफ फर्काए। खराब मौसमका कारण ढिला सुरू भएको इराकविरूद्धको खेलमा फ्रान्सलाई जिताउन उनले दुई गोल गरे।

त्यसलगत्तै हालान्डको पालो आयो। उनले दुई गोल गरेपछि नर्वेले सेनेगललाई हराउँदै अन्तिम ३२ मा स्थान पक्का गर्‍यो। उनको आफ्नो विश्वकप करियरको यो सुरूवातलाई नराम्रो मान्न मिल्दैन। एकले जे गर्न सक्छ, अर्कोले त्योभन्दा राम्रो गर्न सक्छ। अहिले यस्तै महसुस भइरहेको छ। र, मंगलबार घानाविरूद्धको पहिलो खेलमा दुई गोल गरेका इंग्ल्यान्डका ह्यारी केनले आफ्नो गोल संख्या बढाउने अवसर पाउनुअघि नै यस्तो माहोल बनेको छ।

खेलकुदको सबैभन्दा ठुलो मञ्चमा विश्वका उत्कृष्ट खेलाडीहरूले एकपछि अर्को कीर्तिमान तोड्दै गर्दा हामी केही विशेष कुरा हेरिरहेका छौँ भन्ने महसुस हुन थालेको छ। फ्रान्सेली फुटबल विज्ञ जुलियन लोरेन्सले बीबीसी स्पोर्टसँग भने, 'ठूला स्टारहरु सधैँ बल आफ्नो खुट्टामा चाहन्छन्। मलाई लाग्छ यसको एउटा कारण उनीहरु गोल्डेन बुटको मात्र पछि लागेका छैनन्, केही खेलाडीहरु सर्वकालीन कीर्तिमानको पनि खोजीमा छन्।'

**'सुपरस्टारहरूको दिन'मा तोडिए रेकर्डहरु**

यो प्रतियोगिता सुरू हुँदा जर्मनीका मिरोस्लाभ क्लोज १६ गोलसहित विश्वकपको सर्वकालीन सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा थिए। दुई खेल सकिँदा ३८ वर्षीय मेस्सी २८ विश्वकप खेलबाट १८ गोलसहित सबैभन्दा अगाडि छन्। यस संस्करणमा अर्जेन्टिनाले गरेका सबै पाँच गोल उनकै नाममा छन्। तर एम्बाप्पे पनि धेरै पछाडि छैनन्।

फ्रान्सेली स्टारले पनि समान खेलमा १६ गोल गर्दै क्लोजसँग बराबरी गरेका छन्। अब उनको नजर केनको जस्तै धेरै पटक गोल्डेन बुट जित्ने पहिलो स्ट्राइकर बन्ने र मेस्सीको गोल संख्यालाई उछिन्नेमा हुनेछ।




लोरेन्सले भने, 'अहिले लियोनल मेस्सीको नाममा रहेको अविश्वसनीय कीर्तिमानलाई पछ्याइरहेका कारण हामीले फेरि एकपटक यो किलियन एम्बाप्पेको जादु हुन सक्छ भनेर सोचेका थियौं।' अनि म्यानचेस्टर सिटीका गोल मेसिन हालान्डको कीर्तिमानी यात्राको बारेमा हामी कहिले कुरा गर्छौं होला? यस प्रतियोगिताको अन्त्यसम्ममा त त्यस्तो नहोला। तर उनले आफ्नो हालको गतिलाई कायम राखे भने भविष्यमा उनी पनि यो होडमा सामेल हुनेछन्।

२५ वर्षीय हालान्ड आफ्नो सुरूवाती दुई विश्वकप खेलमा एकभन्दा बढी गोल गर्ने छैटौं खेलाडी मात्र हुन्। नर्वेका लागि ५२ खेलमा ५९ गोल गरेको उनको तथ्याङ्क पनि उत्कृष्ट छ।

स्कटल्याण्डका पूर्वस्ट्राइकर एली म्याकोइस्टले आईटीभीसँग भने, 'स्वाभाविक फुटबल क्षमताको कुरा गर्दा मेस्सी सबैभन्दा अगाडि छन्, किलियन एम्बाप्पे सायद दोस्रो स्थानमा छन्। तर गोलपोस्ट अगाडि हालान्ड जत्तिको उत्कृष्ट कोही छैन ।'

'यी खेलाडीहरूबिच तुलना गर्नु असम्भव छ। समग्र फुटबल कौशलमा ह्यारी केन पनि हालान्डभन्दा राम्रा खेलाडी हुन्। तर बललाई जाली चुमाउने कुरामा हालान्ड सायद सबैभन्दा उत्कृष्ट छन्। फिनिसिङको कुरा आउँदा उनलाई उछिन्ने कोही छैन।' इंग्ल्यान्डकी पूर्व मिडफिल्डर करेन कार्नीले आईटीभीमा थपिन्, 'यो सुपरस्टारहरूको दिन थियो। मेस्सीले सबैको ध्यान खिचे, तर एम्बाप्पे र हालान्डको प्रदर्शन पनि कति उत्कृष्ट रह्यो। आशा गरौं मंगलबार ह्यारी केनले पनि यो लय समात्नेछन्।'

**'उनीहरूलाई रोक्न असम्भव जस्तै छ'**

फुटबलका सबैभन्दा खतरनाक फरवार्डहरूका लागि पहिलो दिनदेखि नै कीर्तिमानहरु तोडिइरहेका छन्। विश्वकपको सर्वकालीन सूचीमा शीर्ष स्थानमा पुगेका मेस्सीले अहिले धेरै चर्चा पाइरहेका छन्, जुन स्वाभाविक पनि हो। तर यस प्रतियोगितामा कीर्तिमान बनाउने उनी एक्ला खेलाडी भने होइनन्।

एम्बाप्पे फ्रान्सको सर्वाधिक गोलकर्ताको सूचीको शीर्ष स्थानमा पुगेका छन्। हालान्ड दुई खेलबाटै नर्वेका लागि विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्। यता केनले इंग्ल्यान्डका लागि ग्यारी लिनेकरको विश्वकप कीर्तिमानसँग बराबरी गरेका छन्।

र, यी सबैको नजर फ्रान्सका जस्ट फन्टेनले सन् १९५८ को एउटै प्रतियोगितामा १३ गोल गर्दै बनाएको कीर्तिमानमा हुनेछ।

विश्वकपको एउटै संस्करणमा दुई अंकको गोल संख्या (१० वा सोभन्दा बढी) छुने तीन जना खेलाडी मात्र छन्। ती हुन्- फन्टेन, सन् १९७० मा जर्मनीका गर्ड मुलर र सन् १९५४ मा हंगेरीका स्यान्डोर कोसिस।

यस प्रतियोगिताको अन्त्यसम्ममा यो विशेष सूचीमा थप नाम जोडिए अनौठो हुनेछैन।

नयाँ ४८ टोलीको ढाँचाले पक्कै पनि गोलको सम्भावना बढाएको जस्तो देखिन्छ। तल्लो वरीयताका धेरै टोलीहरु हुँदा विश्वका उत्कृष्ट आक्रमणकारी खेलाडीहरूलाई फाइदा पुगेको छ।

विश्वकप विजेताले यसअघि भन्दा थप एउटा चरण खेल्नुपर्ने हुन्छ। यसले गोल गर्ने अवसर अझ बढाएको छ।

फ्रान्सका पूर्व डिफेन्डर गेल क्लिचीले बीबीसी स्पोर्टसँग भने, 'किलियन एम्बाप्पे त्यस्तो पुस्ताका हिस्सा हुन् जसलाई कसैसँग डर लाग्दैन। मलाई याद छ, मैले खेल्न सुरू गर्दा मैदानमा आएपछि पुराना पुस्तालाई सम्मान दिनुपर्थ्यो। तपाईं पाका खेलाडीहरूलाई छक्याउने प्रयास गर्नुहुन्नथ्यो।'

'यो पुस्तामा सम्मान त छ, तर फरक तरिकाको। उमेरको कुरा नगरौं, प्रदर्शनको कुरा गरौं भन्ने उनीहरूको मान्यता हुन्छ।' अब फेरि गोल्डेन बुटको दौडको विषयतर्फ नै फर्कौँ।

एम्बाप्पेले भने, 'यो यस्तो कुरा हो जसको बारेमा म अहिले सोचिरहेको छैन। लियो सधैँ गोल गर्छन्। उनले सधैँ गोल गरेका छन् र सधैँ गरिरहनेछन्।'

'यदि मैले उनलाई हेर्न थालेँ भने, मलाई अझ धेरै गर्नुपर्छ जस्तो महसुस हुनेछ। त्यसैले नाइँ, उनी के गरिरहेका छन् भनेर म हेर्दिनँ। म केवल आफ्नो टिमलाई सहयोग गर्ने बारे सोचिरहेको छु। टिमलाई सहयोग गर्दागर्दै म गोल गर्छु र त्यो स्तरको नजिक पुग्छु।'

नर्वेका मुख्य प्रशिक्षक स्टाले सोल्बाकेनले स्वाभाविक रूपमै हालान्डको पक्ष लिएका छन्। उनले भने, 'उनी उत्कृष्ट स्ट्राइकर हुन्। उनी फ्रान्स वा अर्जेन्टिनाका लागि खेलिरहेका छैनन्, उनी नर्वेका लागि गोल गर्छन्। सबैभन्दा ठूलो मञ्चमा उनले अहिलेसम्म चार गोल गरिसकेका छन् र दुई पटक एकै खेलमा दुई गोल गरेका छन्।'

'तपाईं फ्रान्स र अर्जेन्टिनाबाट खेल्दा गोल्डेन बुट जित्न सजिलो हुन्छ। तर हामी आगामी खेलहरूमा अर्लिङलाई थप सहयोग गर्ने प्रयास गर्नेछौं। उनी उत्कृष्ट लयमा छन् र सबैभन्दा ठूलो मञ्चमा उनले गोल गर्न सकेकोमा म उनीप्रति निकै खुसी छु।'

अमेरिकाका स्ट्राइकर फोलारिन बालोगनले पनि आफ्ना सुरूवाती दुई खेलमा दुई गोल गर्दै प्रतियोगितामा राम्रो सुरूवात गरेका छन्।

तर सायद उनले नै ठट्टा गर्दै यसको सबैभन्दा राम्रो निष्कर्ष निकालेका छन्। उनले भने, 'मलाई लाग्छ यो दिक्कलाग्दो छ। मेस्सी, एम्बाप्पे, हालान्ड जस्ता खेलाडीहरूलाई हेर्दा उनीहरूले गोल गर्छन् भन्ने निश्चित जस्तै हुन्छ। उनीहरु प्रत्येक खेलमा एक गोल गरिरहेका छन्, कहिलेकाहीँ त त्योभन्दा पनि बढी।'

'मेरो लागि भनेको त्यही स्तरमा पुग्ने प्रयास गर्नु हो, ताकि मेरो गोल पनि त्यसैगरी निश्चित होस् ।'




# चिकित्सक व्यावसायिक .......

गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छला रोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोही अनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ ।

**तेस्रो चरण: सरकारी र निजी अस्पतालहरुको संस्थागत दायित्व:** डाक्टरहरु आफैँले मात्र नभई उनीहरु कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ । सरकारी अस्पतालमा कार्यरत डाक्टरहरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा ब्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ ।

**चौथो चरण: स्वतन्त्र 'मेडिको-लीगल बोर्ड' को गठन:** कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बिमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ । यस बोर्डको प्राविधिक सिफारिसका आधारमा मात्र बिमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झुटा मुद्दा हालेर बिमाको रकम दुरूपयोग गर्न नसकोस् ।

यस बिमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरूवाती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बिमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो । यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बिमा कम्पनीहरूले सामूहिक बिमाको ढाँचा ल्याउन सक्छन् । नेपाल मेडिकल एशोसिएशनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बिमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ।

चिकित्सा क्षेत्र कुनै जादु वा शतप्रतिशत सुनिश्चित भएको कारखाना होइन। भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ । बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो । अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिक रूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन ।

स्वास्थ्य मन्त्रालय, नेपाल बिमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहंकार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमालाई राष्ट्रिय एजेन्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ । यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनी रूपमा सबल र उत्तरदायी बनाउनेछ । रासस (लेखक नेपाल चिकित्सक संघका महासचिव हुनुहुन्छ)

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



## कटी वस्ती उपचार

प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा कटी वस्ती उपचार गरिदै । चिकित्सालयमा बहिरङ्ग सेवा, योग, पञ्चकर्म, स्तनपायी आमा तथा शिशु सेवा, क्षारसूत्र, प्रयोगशाला तथा फिजियोथेरापी लगायतका सेवाप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको छ । आवश्यक जनशक्ति र पूर्वाधार अभावका कारण अपेक्षित सेवा प्रवाह गर्न नसकिएको चिकित्सालयले जनाएको छ ।

*तस्विर : भञ्ज्याङ*

# सुविधाको मोहमा पलायन हुँदै छन् नेपाली चिकित्सक

रासस/काठमाडौं

आकर्षक सेवा सुविधा पाउने मोहमा प्रायः नेपाली चिकित्सकले रोजगार गन्तव्यका लागि बाहिरी मुलुकनै रोज्ने गरेको डरलाग्दो तथ्याङ्क बाहिरिएको छ । नेपाल मेडिकल काउन्सिलले वार्षिक झन्डै दुई हजारको संख्यामा चिकित्सकीय दर्ता प्रमाणपत्र (लाइसेन्स) प्रदान गर्ने गर्छ। त्यतिकै सङ्ख्यामा विदेश जान चिकित्सकले काउन्सिलबाट 'असल चारित्रिक प्रमाणपत्र' लिने गरेको पाइएको छ ।

काउन्सिलमा सन् २०२५ मा दुई हजार १२२ जनाले चिकित्सकको दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका थिए । सोही वर्ष दुई हजार ३९० जना चिकित्सकले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् । यस वर्ष लाइसेन्स लिएकाले भन्दा २६८ जना बढी चिकित्सक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन्।

काउन्सिलको चारित्रिक प्रमाण प्रमाणीकरण शाखा प्रमुख प्रदीप रिजालले सन् २०२० यता १३ हजार १४० चिकित्सकले लाइसेन्स लिएका र ११ हजार ६८ चिकित्सक बाहिरी मुलुक जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएको राससलाई बताउनुभयो ।

काउन्सिलका निमित्त रजिष्ट्रार डा दीपेन्द्र पाण्डेले विगत १० वर्षदेखि चिकित्सकहरु राम्रो सेवा सुविधाका लागि विदेश जाने गरेको बताउनुहुन्छ । विदेशमा आकर्षक तलव, सेवा सुविधाका कारणले चिकित्सक जाने गरेका छन् । उहाँका अनुसार सबभन्दा धेरै चिकित्सक अमेरिका, वेलायत, माल्दिभ्स, सयुक्त अरब इमिरेट, अस्ट्रेलिया, भारत, क्यानडा, जर्मन जाने गर्छन् । नेपालमा मेडिकल अधिकृत तहमा कमै अवसर हुने गर्दछ । त्यसैले स्नातकोत्तर तह पढ्दै र अस्पतालमा काम गर्न असल चारित्रिक प्रमाण पत्र लिने गरेको निमित्त रजिष्ट्रार डा पाण्डेले बताउनुभयो ।

काउन्सिलको तथ्याङ्कअनुसार अमेरिकामा सन् २०२० यता वर्षमा दुई हजार ९९५ जना चिकित्सक गएका छन् । अमेरिकापछि बेलायतमा दुई हजार ६३७ जना, माल्दिभ्समा दुई हजार २४१ जना, अस्ट्रेलिया ८४८ जना, संयुक्त अरब इमिरेटसमा ७२० जना, क्यानडामा १४८ जना, जर्मनमा ९२ जना चिकित्सक गएका तथ्याङ्कमा देखिएको छ । छिमेकी मुलुक भारतमा पनि ९१८ जना चिकित्सक गएको तथ्याङ्क छ । काउन्सिलका अनुसार चिकित्सक विभिन्न २३ मुलुक जाने गरेका छन् ।

सन् २०२० मा ८६९ जना चिकित्सक मुलुक बाहिर जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् । यस्तै सन् २०२१ मा एक हजार ३२७ जना, सन् २०२२ मा एक हजार ९५४ जना, सन् २०२३ मा दुई हजार ३१८ जना, सन् २०२४ मा दुई हजार २१० जनाले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् ।

"चिकित्सकले असल चारित्रिक प्रमाणपत्र विदेशमा जागिर र पढनका लागि लिन गर्दछन्", निमित्त रजिष्ट्रार पाण्डेले भन्नुभयो, "तर नेपालबाट धेरै जसो चिकित्सक पढ्नभन्दा पनि विदेशमा गएर नाकरी गर्नका लागि असल चारित्रिक प्रमाण पत्र लिने गरेका छन् ।" यस्तै सन् २०२० मा दुई हजार १३१ जना चिकित्सकले दर्ता प्रमाणपत्र लिएका छन् । सन् २०२१ मा एक हजार ७१६ जना, सन् २०२२ मा दुई हजार ८५ जना, सन् २०२३ मा दुई हजार ६९२ जना, सन् २०२४ मा दुई हजार ३९४ जना चिकित्सकले काउन्सिलबाट दर्ता प्रमाणपत्र (लाइसेन्स) लिएका छन् । नेपालमा सेवा सुविधा कम भएको कारणले चिकित्सक रोजगारीका लागि विदेश जाने गरेका छन् । काउन्सिलमा अहिलेसम्म ३९ हजार ४८६ जना चिकित्सकले लाइसेन्स लिइसकेका छन् ।


**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**

**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com


facebook twitter



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

आफ्नाको सम्पति शुद्धिकरणका मुद्दा एकपछि अर्को फिर्ता, निजी कम्पनीमा लगेको सहकारीको पैसा राज्य तिर्दिने, विरोधी दलका नेतामाथि फेरि त्यही सम्पति शुद्धीकरणको मुद्दा? सुशासन त त्यतिखेर होला जब सत्यतथ्यका आधारमा आफनो,अर्कोको नभनि समान व्यवहार हुन्छ-देश ग्रे लिष्टमै छ नि हैन?



**Dr Achyut Wagle**
x.com/DrAchyutWagle

सार्वजनिक पदमा बसेर सरकारी ढुकुटीबाट तलब खाएका कोहिपनि शेयर किनबेच गर्छन र आफू बस्ने एउटा घडेरीबाहेक घरजग्गा चल्तिफिर्ती गर्छन त्यसै गरेर अकुत कमाएको दावी गर्छन भने ती स्वत भ्रष्टाचारी हुन । अरू किन्तुपरन्तु जालझेल हो ।

# रवि लामिछानेको ........

भुटानी शरणार्थी प्रकरण जस्ता ठुला काण्डहरूको अनुसन्धानले पुराना राजनीतिक दलहरूमा त्रास पैदा गरेको र त्यसकै कारण पुराना दलहरु एक ठाउँमा उभिएको उनको विश्लेषण छ ।

कूटनीतिमा 'विकास कूटनीति' र सफ्ट पावर परराष्ट्र नीतिका सम्बन्धमा रास्वपाले छिमेकी मुलुक भारत र चीनसँग सन्तुलित र व्यावहारिक सम्बन्ध राख्ने नीति लिने बताएको छ ।

नेपालको 'सफ्ट पावर' का रूपमा रहेको डायस्पोरालाई मुलुकको विकासमा जोड्न 'विकास कूटनीति'लाई केन्द्रमा राखिने प्रतिवेदनमा उल्लेख छ । सभापति लामिछानेले आफ्नो प्रतिवेदनको निष्कर्षमा रास्वपा अब 'वैकल्पिक राजनीति' मात्र नभएर देशको 'निर्विकल्प राजनीतिक शक्ति' का रूपमा स्थापित हुने संकल्प व्यक्त गरेका छन् ।


**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुर्‍याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सामीको समन्वयमा पीडित .........

जना तथा भानु नगरपालिकाका १ हजार १४४ जनाले सेवा लिएको बताइएको छ ।

यस्तै, केन्द्रले मंगलबार आयोजना गरेको सुरक्षित वैदेशिक रोजगार सम्बनधी प्रवाह गरेका सेवा तथा उपलब्धी विवरण सार्वजनिक कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले वैदेशिक रोजगारीमा जानेको संख्या बढेसंगै जोखिम समेत बढ्दै गएको बताए । उनले भने, 'तनहुँजस्तो जिल्लाका लागि सुरक्षित आप्रवासन कार्यक्रम प्रभावकारी बन्दै गएको र जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहका कार्यालयबाटै वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई राहदानी बनाउने चरणदेखि सही सूचना, सिप र वित्तीय साक्षरतासम्बन्धी परामर्श दिंदा ठगीका घटनामा कमी आएको छ ।'

'समस्यामा परेका कामदार तथा परिवारले समयमै न्याय, परामर्श र सहयोग प्राप्त गर्ने वातावरण बन्दै गएको छ', नगरप्रमुख न्यौपानेले भने, 'वैदेशिक रोजगारीबाट फर्किएका युवालाई पुनः समाजमा स्थापित हुन, उद्यमशीलतामा जोडिन तथा सुरक्षित वैदेशिक रोजगारका लागि आवश्यक परामर्श कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाको नीति तथा कार्यक्रममा समेट्दै लगिएको छ ।'

उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुकदेव लाम्सालले नगरपालिकाद्वारा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सञ्जाल निर्माण गरी आवश्यकता अनुसार सहजिकरण गर्दै लगिएको बताए।

यस्तै, वैदेशिक रोजगारीबाट आर्जन गरिएको रकमको सहि सदुपयोगका लागि २१ हप्ते वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन गर्दै आइएको उपप्रमुख इन्दिरा दरैले बताइन् ।


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।

**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४